ALL INDIA RADIO GANGTOK

NEPALI NEWS BULLETIN

BROADCAST: 18:40 hrs Date: 01.10.2023

## PM-'Swachhata Hi Seva

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले आज बृहत सरसफाई अभियानमा सामेल भएर **स्वच्छता ही सेवा** अभियानमा राष्ट्रको नेतृत्व गर्नुभयो। श्री मोदीले फिटनेस प्रेरक अंकित ब्यानपुरियासँग अभियानमा सामेल भई फोहोरमैला सफा गर्नुभयो। आज देशभरि मानिसहरूले प्रधानमन्त्रीको आह्वानमा सरसफाईका लागि **एक मिति एक घण्टा एक साथ** पहलको भागको रूपमा यस बृहत स्वच्छता अभियानमा भाग लिए।

## Governor--'Swachhata Hi Seva

राज्यपाल श्री लक्ष्मणप्रसाद आचार्य र मुख्यमन्त्री श्री प्रेमसिंह तामाङ आज दुई माइल चेक पोस्ट परिसरमा **'स्वच्छता ही सेवा'** अभियान अन्तर्गत **'एक मिति एक घण्टा एक साथ'** विषयक राज्यस्तरीय सरसफाई अभियान अर्थात् **श्रमदान-**मा सहभागी हुनुभयो। राज्यपालले यस अवसरमा उपस्थित सबैलाई स्वच्छताको प्रतिज्ञा गराउनुभयो। त्यसै गरी, मुख्यमन्त्रीले सञ्चारकर्मीहरूसँग अन्तरक्रिया गर्दै, स्वच्छ र स्वस्थ राष्ट्र निर्माण गर्ने उद्देश्यले प्रधानमन्त्रीले अघि सारेको पहलको प्रशंसा गर्नुभयो, अनि यस प्रयासमा सिक्किमको सहभागिता र राज्यले स्वच्छ भारत अभियानलाई निरन्तर गरेको प्रवर्धनबारे प्रकाश पार्नुभयो। सिक्किमले लगनशीलताका साथ राष्ट्रिय दिशानिर्देशहरूको पालना गरिरहेको कुरा पनि मुख्यमन्त्रीले उल्लेख गर्नुभयो। पछि राज्यपाल र मुख्यमन्त्रीले स्वयंसेवक टोलीलाई स्वच्छता अभियानमा सहभागी हुन छाङ्गु झीलतर्फ प्रस्थान गराउनुभयो। सिक्किमका अन्य सबै जिल्लाले **पनि एक मिति एक घण्टा एक साथ** पहलमा भाग लिएका छन्।

## Pari Prakashan

**परी प्रकाशन** सोरेङको तेस्रो स्थापना दिवसको अवसरमा आज गान्तोकस्थित मनन केन्द्रमा राज्यस्तरीय साहित्यिक सम्मान समारोह आयोजना गरियो, जसमा राज्यका 280 जना साहित्य सर्जकलाई अभिनन्दन जनाइएको छ। साथै, 21 वटा पुस्तक विमोचन पनि गरियो। यो सम्मान कार्यक्रममा वरिष्ट साहित्यकार डा. गोकुल सिन्हा मुख्य अतिथि हुनुहुन्थ्यो भने मुख्यमन्त्री श्री प्रेम सिंह तामाङ विशिष्ट अतिथिको रूपमा उपस्थित हुनुहन्थ्यो। डा. सिन्हाले कार्यक्रमलाई सम्बोधन गर्दै, साहित्यकारहरूको सम्मान गर्नु भनेको साहित्य विधाको सम्मान गर्नु हो भन्नुभयो र राज्यका सबै साहित्यकारहरूलाई एउटै मञ्चमा ल्याएर सम्मान जनाउने **परी प्रकाशन-**को यस पहलको मुग्ध कण्ठले प्रशंसा गर्नुभयो। उहाँले नेपाली भाषा आन्दोलनमा सिक्किम राज्य र तत्कालीन मुख्यमन्त्री तथा भाषा सङ्ग्रामी स्व. नरबहादुर भण्डारीले खेलेको भूमिकाको सम्झना गर्नुभयो। त्यसै गरी, मुख्यमन्त्रीले कार्यक्रमलाई सम्बोधन गर्ने क्रममा, नेपाली भाषा जत्तिको धनी विश्वका अरू कुनै भाषा नरहेको बताउनुभयो र नेपाली भाषालाई विश्वस्तरमा प्रचार प्रसार गर्न सामुहिक साहित्य लेखन र अनुवाद विधालाई महत्त्व दिनुपर्ने कुरामा जोड दिनुभयो। उहाँले आर्थिक अभावका कारण पुस्तक प्रकाशन गर्न नसक्ने साहित्यकारहरूलाई **परी प्रकाशन-**ले सहयोग गर्ने, तर त्यसका निम्ति लेखकहरूले धर्य राख्नुपर्ने बताउनुभयो। साथै, मुख्यमन्त्रीले आगामी वर्षदेखि स्थापना दिवसको अवसरमा परी प्रकाशनले एक पुरुष अनि एक महिला साहित्यकारलाई **परी पुरस्कार** प्रदान गर्ने अनि प्रत्येक वर्ष साहित्यकारहरूलाई साहित्यिक भ्रमणमा पठाइने घोषणा पनि गर्नुभयो।

## IHCAE-Tourism minister

भारतीय पर्वतारोहण प्रतिष्ठान, IMF का कार्यकारी सदस्य ब्रिगेडियर के. कुमारको नेतृत्वमा चार सदस्यीय टोली नाम्चीको चेम्चेस्थित इन्डियन हिमालयन सेन्टर फ एडभेन्चर एन्ड ईको-टूरिज्म, IHCAE को भ्रमणमा रहेको छ। यसबीच, पर्यटन तथा नागरिक उड्डयन मन्त्री श्री बी.एस पन्थको अध्यक्षतामा आज गान्तोकमा चेम्चेस्थित IHCAE को मान्यतासम्बन्धी बैठक बस्नका साथै अन्य विषयमा पनि छलफल भयो। भ्रमण टोलीले आज संस्थानको भ्रमण गरेको छ र भोलिदेखि प्रशिक्षण क्षेत्रको भ्रमण गर्नेछ र 15 अक्टोबर सम्ममा IHCAE-को राष्ट्रिय स्तरमा प्रमाणीकरण र मान्यताको अन्तिम चरणको प्रतिवेदन पेश गर्नेछ।

## 28 percent GST

आजदेखि अनलाइन गेमिङ, सट्टेबाजी, कसिनो, जुवा, घोडा दौड र लटरीमा 28 प्रतिशत वस्तु तथा सेवा कर, GST लागेको छ। वित्त मन्त्रालयद्वारा जारी राजपत्राङ्कित अधिसूचना अनुसार यो संशोधित GST प्रावधान आजदेखि लागू भएको छ। गत अगस्ट महिनामा नयाँ दिल्लीमा सम्पन्न 51 औँ GST परिषदको बैठकमा यो निर्णय गरिएको थियो।

## Akasbani Gangtok

आज आकाशवाणी गान्तोकले आफ्नो एकचालिसौँ स्थापना दिवस पालन गरिरहेको छ। आजको दिन अर्थात् अक्टोबर 1, 1982 मा आकाशवाणी गान्तोक अस्तित्वमा आएको थियो।